मरिण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/८१

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/३२)*

मरिण गाउँपालिका अन्तर्गत सञ्चालित कुशेश्वर मा.वि. नकलीमा रिक्त माध्यमिक तह (कक्षा ९-१०) को सङ्घीय शिक्षण सहयोग अनुदान कोटामा आ.व. २०८०/८१ का लागि गणित विषयको शिक्षक करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट ७ (सात) दिन भित्र रितपूर्वकको दरखास्त आह्वान गरिएको छ । उल्लिखित पदमा नियुक्तिको लागि करार सूचीमा रहेका मध्येका उम्मेदवारहरुको दरखास्त परेको अवस्थामा करार सूचीका उम्मेदवारहरुमध्ये नै नियमानुसार करारमा नियुक्तिको लागि सम्बन्धित विद्यालयमा सिफारिस गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| विज्ञापन नं. | विषय | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता | तलब तथा अन्य सुविधा | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| ३०६/२०८० /८१ | गणित | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण | नेपाल सरकारको नियमानुसार | १,५००/- |

- उमेर हदः १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको ।
- दरखास्त दिने स्थानः मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।
- दरखास्त दिने अन्तिम म्यादः मिति २०८०/०५/०६ गते सम्म
- दरखास्त साथ पेश गर्ने कागजातहरुः नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु, तालिम र अनुभव लगायत नियमानुसारका कागजातहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त फारममा संलग्न गर्नु पर्ने छ ।
- परीक्षाको किसिमः लिखित तथा अन्तरवार्ता ।
- सम्पर्क मितिः दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट ।
- लिखित परीक्षाको मिति पछि प्रकाशन गरिनेछ ।
- दरखास्त फारम यस गाउँपालिकाको वेवसाइट www.marinmun.gov.np मा प्राप्त गर्न सकिनेछ ।

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**